स्वीकृत मिति : २०८०/०१/२८

# चौरपाटी गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०८०

**चौरपाटी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**चौरपाटी, अछाम**

सुदूरपश्चिम प्रदेश नेपाल

धन बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

# चौरपाटी गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०८०

**कार्यपालिका स्वीकृत मिति : २०८०।०१।२८**

प्रस्तावना : चौरपाटी गाउँपालिकामा शैक्षिक क्षेत्रभित्र वा बाहिर खेलकूदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुलाई धुम्रमान, मध्यपान, लागु पदार्थ दुव्र्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित्त चौरपाटी गाउँपालिका क्षेत्रभित्र खेलकूदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकूद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगि चौरपाटी गाउँपालिकाका क्षेत्रभित्र खेलकूद विकास गर्न एवं गाउँपालिका भित्र रहेका खेलकूदसँग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी चौरपाटी गाउँपालिकाले "गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धि कार्यविधि, २०८० गाउँ कार्यपालिकावाट स्वीकृत भएको मितिवाट लागु हुने छ।

## परिच्छेद-१
## नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ**: यो कार्यविधिको नाम "गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धि कार्यविधि, २०८०" रहने छ। यो कार्यविधि कार्यपालिकावाट निर्णय भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "कार्यविधि" भन्नाले "गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धि कार्यविधि,२०७९" भन्ने सम्झनुपर्छ।

ख) "गाउँपालिका खेलकुद विकास समिति" भन्नाले दफा ४ बमोजिमको गठित गाउँ पालिका स्तरीय खेलकुद समिति भन्ने सम्झनु पर्छ।

ग) "टिम, क्लब, संघ, संस्था" भन्नाले चौरपाटी गाउँपालिकाले तोकिए बमोजिम दर्ता भएका चौरपाटी गाउँपालिका क्षेत्र भित्रका टिम, क्लब र संघसंस्थाहरु भन्ने सम्झनु पर्छ।

घ) "खेलाडी" भन्नाले टिम, क्लब, संघसंस्था संग सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ।

ङ) "प्रशिक्षार्थी" भन्नाले गाउँपालिका खेलकुद विकास समिति द्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघसंस्थामा सम्बद्द सिकारु खेलाडी भन्ने सभ्झनु पर्छ।

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

च) "प्रशिक्षक" भन्नाले चौरपाटी गाउँपालिका द्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षण, टिम, क्लब, संघसंस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद शिक्षक भन्ने सम्झनु पर्छ।

छ) "गाउँपालिका " भन्नाले चौरपाटी गाउँपालिकालाई सम्झनु पर्छ।

ज) "कार्यपालिका " भन्नाले चौरपाटी गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

झ) "अध्यक्ष" भन्नाले चौरपाटी गाउँपालिकाको गाउँ पालिका अध्यक्षलाई सम्झनु पर्छ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौरपाटी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ट) "पदाधीकारी सदस्य " भन्नाले समितिको सम्पूर्ण सदस्यलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## उदेश्य

**३. गाउँपालिका खेलकुद विकास समितिका उद्देश्यहरु :**

क) पालिकाको कला, संस्कृति र खेलकुदको विकास, प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने।

ख) गाउँ पालिका भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने।

(ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने।

घ) टोल, गल्ली, चोक र सड़क आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने।

ङ) खेलकुदको माध्यमबाट गाउँपालिकावासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने।

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने।

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघ संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने।

ज) खेलकुद गतिविधीहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायाम सघं खेलकुद व्यवस्था गर्न सहयोग पुर्याउने ।

ञ) चौरपाटी गाउँपालिकाका खेलाडी राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सकने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने ।

ट) टिम, क्लब, संघसंस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने

(ठ) गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुका खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।
ड) गाउँपालिका खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने ।

## परिच्छेद-3
## गाउँपालिका खेलकुद विकास समितिको गठन र बैठक कार्यक्रम

४. (१) खेलकुद को क्षेत्रमा क्रियाशिल र ख्याती प्राप्त व्यक्ति मध्येवाट गाउँ कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी गाउँपालिकामा एक गाउँपालिका खेलकुद समिति गठन गर्नेछ ।

| | | |
|---|---|---|
| क) उल्लेखित सदस्यहरु मध्ये अध्यक्षले मनोनित गरेको | - | १ जना (अध्यक्ष) |
| ख) अध्यक्षले तोकेको एक महिला सदस्य सहित सदस्य | - | सदस्य ४ जना |
| ग) कार्यपालिकाले तोकेको | - | सदस्य ३ जना |
| घ) जिल्ला खेलकुद विकास समिति अध्यक्ष वा निजले तोकेको एक प्रतिनिधि सदस्य | - | १ जना |
| ङ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक सदस्य | - | १ जना |
| च) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव - | १ जना |

(२) उल्लेखित सदस्यहरु मध्येवाट गाउँपालिका खेलकुद विकास समितिले उपाध्यक्ष मनोनित गर्नु पर्ने छ ।

(३) गाउँपालिका खेलकुद विकास समितिको मुख्य संरक्षकको रुपमा गाउँपालिका अध्यक्ष रहनु हुनेछ ।

४. गाउँपालिका खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ४ वर्षको हुनेछ ।

५. समितिको अध्यक्षले कुनै कारणले पदवाट राजिनामा दिन चाहेमा गाउँपालिका अधक्ष्य समक्ष र सदस्यले समितिको अध्यक्ष समक्ष राजिनामा दिनु पर्ने छ ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

६. पदावधि वाकी हुदै कुनै कारणवाट पद रिक्त भएमा निज जुन प्रकारले नियुक्ती भएको हो सो पदमा वाकी अवधिका लागि सोही प्रकारले अर्को सदस्य मनोनयन हुने छ ।
७. समितिका कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनि गाउँकार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी वा सदस्यलाई पदवाट हटाउन वा फिर्ता वोलाउन सक्नेछ। साथै त्यसरी रिक्त भएको पदमा वाकी अवधिका जुन प्रकारले नियुक्ती भएको छ सोही प्रकारले नयाँ नियुक्ती गर्न सक्ने छ।

९. समिति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहायवमोजिम योग्यता पुगेको हुनु पर्ने छ ।

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक

ख) गाउँपालिका क्षेत्रभित्रको स्थायी वासिन्दा (सदस्य सचिव वाहेक) भएको

ग) खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको

घ) प्रचलित कानुनले अयोग्य नभएको

**१०. समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) गाउँपालिका खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यानवयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

ग) जिल्ला, स्थानीय, प्रदेश तथा राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।

घ) गाउँपालिका खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

(ङ) समितिले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

**११ . सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

क) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

ख) समितिलाई नितीगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

ग) समितिको निर्णय कार्यान्वयन गर्ने ।

घ) निर्णयानुसार कोषको खर्च खाता संचालन गर्ने ।

ङ) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने ।

च) बैठक माइन्यूटिङ्ग उठाउने र बैठक संचालन सम्बन्धि आवश्यक काम गर्ने ।

छ) खर्चमा मितव्ययिता अपनाउने र नियन्त्रण कायम गर्ने ।

**१२. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास  गर्ने ।

ख) गाउँपालिका तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।

ग) सम्बद्ध कार्यका लागि वार्षिक योजना तयार गरी गाउँ सभाको बैठक अगाडी अध्यक्ष समक्ष पेश गर्ने ।

घ) गाउँपालिका वा गाउँ सभाले स्वीकृत गरेका कार्यक्रमहरु संचालन गर्ने गराउने ।

ङ) खेलकुद क्षेत्रका प्रतियोगिताहरु आयोजना गर्न सहयोग गर्ने ।

च) खेलाडी, प्रशिक्षक, निर्णायकहरुलाई तालिम गराउने, प्रतियोगिताहरुमा सहभागी गराउने ।

छ) खेल विषयमा विद्यालय स्तरमा छलफल तथा अन्तरक्रिया गरी शैक्षिक क्रियाकलाप संचालन गराउने ।

ज) खेलकुद क्षेत्रमा क्रियाशील व्यक्तिहरुलाई सम्मानित, पुरस्कृत गर्न सिफारीस गर्ने र समितिले सम्मान, पुरस्कृत गर्ने ।

झ) तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठिको आयोजना गर्ने ।

ञ) खेल र खेलकुद क्षेत्रको अध्ययन अनुसन्धान, प्रकाशन गर्ने र खेलाडी, प्रशिक्षक, व्यवस्थापकहरुको बारेमा कृति प्रकाशन गर्ने ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

ट) खेलकुद क्षेत्रको विकासको लागि भौतिक निर्माण, कवर्डहल खेल मैदान खेलाडी उत्पादन, प्रशिक्षक तथा निर्णायक व्यक्ति उत्पादन र स्तर वृद्धिको योजना बनाई गाउँपालिकामा पेश गर्ने ।

ठ) वडासम्म खेलकुद विकास गर्न वडास्तरमा समेत खेलकुद समिति गठन र कार्यक्रम संचालन गर्ने ।

ड) सम्बन्धित क्षेत्रको अन्य विविध कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-४
## खेलकुद प्रतियोगिता व्यवस्थापन

१३. गाउँपालिका खेलकुद विकास समिति आफैले वा गाउँपालिकाले दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

१४. गाउँपालिका खेलकुद विकास समिति आफैले वा गाउँपालिकाभित्रका टिम, क्लबहरु मार्फत स्थानीय / प्रदेश राष्ट्रिय र अन्तराष्ट्रिय टीमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

१५. सल्लाहकार समितिको गठन : गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिका अध्यक्षसंगको परामर्शमा आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

१६. अन्य उपसमितिहरुको गठन : गाउँपालिका खेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम संचालन गर्न वा कुनै खेल विषेशलाई प्राथमिकता दिई विकास गर्न उपसमिति गठन गरी जिममेवारी तोक्न सक्नेछ ।

१७. वडा स्तरीय खेलकुद समिति गठन गर्ने गाउँपालिका खेलकुद समितिले गाउँपालिका भित्रका सबै वडाहरुमा खेलकुद विकास गर्नका लागि ५ सदस्यिय वडा स्तरीय खेलकुद समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद-५
## **गाउँपालिका क्षेत्रभित्रका टीम, क्लब र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन**

१८. चौरपाटी गाउँपालिका भित्रका टीम, क्लब, समिति र संस्था आदिले गाउँपालिका खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न गाउँपालिकाले तोकेको दस्तुर तिरी दर्ता पनि गर्नु पर्नेछ ।

१९. दर्ता भएका टीम, क्लब, पुस्तकालयले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी गाउँपालिका खेलकुद विकास समितिबाट स्वीकृत लिनु पर्नेछ । स्वीकृतीको प्रक्रिया गाउँपालिका खेलकुद विकास समितिले तोके बमोजिम हुनेछ ।

२०. दर्ता र नवीकरण गर्नु भन्दा पहिले गाउँपालिका खेलकुद विकास समिति वा समितिले तोकेको प्रतिनिधि द्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

२१. गाउँपालिकामा दर्ता भई गाउँपालिका खेलकुद समिति विकास समितिबाट स्वीकृत लिएका टीम, क्लब, संघसंस्थाहरुले गाउँपालिका खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई गाउँपालिका खेलकुद विकास समितिले उपलब्ध बजेट सिमा भित्र रही देहाय अनुसारको आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

क) वडास्तरीय प्रतियोगिताको लागि (वर्षमा १ पटक ) बढीमा
रु. १०,०००/- देखि रु २०,०००/- सम्म

(ख) गाउँपालिकास्तरीय प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा
रु.२५,०००/- देखि रु ४०,०००/- सम्म

ग) जिल्लास्तरीय प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा
रु. ४०,०००/- देखि रु. ६०,०००/- सम्म

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा
रु. ६०,०००।- देखि १,००,०००/- सम्म

## परिच्छेद-६
## कार्यक्रम संचालन तथा व्यवस्थापन

२२. गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछ

क) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

ख) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

घ) गाउँपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, संघसंस्थाका प्रतिनिधिहरुको र्याली वा बैठक बोलाउन सक्नेछ ।

(ङ) गाउँपालिका क्षेत्र भित्र खेलकुद लगायत विविध क्रियाकलापहरु संचालन गर्नेछ ।

## परिच्छेद-७
## खेलकुद प्रतियोगिता व्यवस्थापन

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

२३. अन्तर गाउँपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टीम, क्लब, संघ संस्था वा विद्यालय, कलेजलाई सहभागी गराइनेछ।

२४. खेलकुद समितिले निर्णय गरे बमोजिम गाउँपालिका क्षेत्र भन्दा बाहिर सहभागी हुन जाने टीमका खेलाडी,प्रशिक्षक र व्यवस्थापकलाई समितिले निर्णय गरे बमोजिम सुविधा प्रदान गरिनेछ।

२५. गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिकाको स्वीकृतीले गाउँपालिका क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद-८
## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२६ गाउँपालिका खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकतानुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ।

२७. प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन चाहेमा सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिका खेलकुद विकास समितिमा निर्धारीत फाराम बुझाई आवेदन दिनु पर्नेछ।

२८. प्रशिक्षार्थीको फारम तथा अन्य शुल्क समितिको सिफारीसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।
२९. कुनै खेल प्रशिक्षणको लगि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ। यसरी नियुक्ति भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई गाउँपालिका खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ।

३०. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ। आवश्यकतानुसार म्याद थपघट गर्न सकिन्छ।

३१. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान सम्बन्धित व्यक्ति आफैले जुटाउनु पर्नेछ।

३२. प्रशिक्षणमा सहभागि हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षकको उपलब्धताका आधारमा गाउँपालिका खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ।

३३. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

३४. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३५. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक भएको सूचना मिलेमा गाउँपालिका खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३६. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृती भए अनुसार गरिनेछ ।

## परिच्छेद-९
## गाउँपालिका खेलकुद विकास कोषको व्यवस्था

३७. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापकका लागि गाउँपालिकामा गाउँपालिका खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३८. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ :

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संघ, संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम

ख) गाउँपालिकाबाट प्राप्त रकम

ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,
घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम

(ङ) गाउँपालिकाभित्रका टीम, क्लबवाट आवेदन शुल्क, फाराम शुल्क र प्रशिक्षकबाट प्राप्त शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क

च) समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम

३९. यस कोषको संचालन अध्यक्ष र सदस्य सचिवको हस्ताक्षरबाट हुनेछ । कोषको लेखा पद्धती गाउँपालिकाको लेखा पद्धती सरहनै हुनेछ ।

४०. गाउँपालिका खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो खर्च गरी त्यसपछि बस्ने समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ । यस्तो खर्च एक पटकमा रु. २५,०००/- भन्दा बढी हुने छैन ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

४१. कोषको रकम खेलकुद गतिविधि संचालनका अतिरीक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।

४२. कोषको कूल आम्दानीको १०% भन्दा बढी कार्यालय प्रयोजनको लागि तलबभता वा प्रशासनिक खर्च गर्न पाइनेछैन । सो भन्दा बढी खर्च हुने अवस्था आएमा गाउँपालिकाको स्वीकृती लिनु पर्नेछ ।

## परिच्छेद १०
## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

४३. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४४. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार गाउँपालिका खेलकुद समितिले कोषबाट मर्मत सम्भार गर्नेछ । तर, रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४५. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, कर्वड हल मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न गाउँपालिका खेलकुद समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद-११
## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

४६. अनुशासनको कारवाही खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता प्रशिक्षण व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा गाउँपालिका खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ ।
४७. वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई गाउँपालिका खेलकुद समितिको सिफारीसमा गाउँपालिका कार्यपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

## परिच्छेद-१२
## विविध

१. गाउँपालिकाले तोके बमोजिमको समितिको छुटै छाप लेटरप्याड र साइनबोर्ड हुनेछ ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

२. कर्मचारी तथा अन्य आवश्यकताका बारेमा गाउँपालिकासँग समन्वय गरी कार्य गर्नु पर्नेछ ।

३. गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

४. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनु परेमा गाउँपालिका कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

५. स्वीकृत वजेटको सिमाभित्र रहि खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यको सुविधा र बैठक भत्ता सम्बन्धमा निम्न अनुसार हुनेछ ।

(क) गाउँपालिका खेलकुद विकास समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(ख) समितिका सदस्यहरुलाई बैठक वस्दा बैठक भत्ता वापत प्रति व्यक्ति रु.१०००/- का दरले नियमानुसार कर कट्टा गरि उपलब्ध गराईने छ ।

**प्रमाणित गर्ने :**

**नाम : धन बहादुर थापा**

**पद : प्रमुख प्रशासकिय अधिकृत**

**दस्तखत**

.............................................

**मिति :**

२०८०/०९/२८

धन बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम